खजुरा गाउँपालिका
Khajura Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of Rural Municipal Executive
खजुरा, बाँके
Khajura, Banke
लुम्बिनी प्रदेश सरकार, नेपाल
Lumbini Province Government, Nepal

प.सं. (Ref.No):- २०७९/८०(PMEP)

मिति (Date):- २०७९/११/०२

च.नं. (Des.No):- १०३५

## आ.व. २०८०/८१ का लागि बेरोजगार व्यक्ति सूचीकरण सम्बन्धी सूचना

रोजगारीको हक सम्बन्धी ऐन, २०७५ तथा प्रधानमन्त्री रोजगार कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) निरदेशिका, २०७५ बमोजिम आ.व. २०८०/०८१ मा न्यूनतम रोजगारीमा आवद्ध हुन चाहने इच्छुक १८-५९ वर्ष उमेर समूहका बेरोजगार व्यक्तिले आफु स्थायी रुपमा बसोबास गरेको सम्बन्धित वडा कार्यालयमा मिति २०७९ फाल्गुन महिना भित्रमा बेरोजगार व्यक्तिको सूचीमा सूचीकृत हुन निवेदन दिनुहुन यो सुचना प्रकाशित गरिएको हो।

प्रधानमन्त्री रोजगार कार्यक्रमको अभियान 'न्यूनतम रोजगार, नागरिकको अधिकार' तथा विपन्न एवम् जिवनयापन जोखिममा परेका वर्गलाई सामाजिक सुरक्षाको दायतामा ल्याउन न्यूनतम रोजगारी प्रदान गरी सहयोग पर्याउने सोच भएकाले सोही बमोजिमका व्यक्तिहरुलाई निवेदन दिनको लागि अनुरोध गरिन्छ, साथै सूचीकरणको लागि निवेदन दिँदा निवेदक र निजको परिवारको यथार्थ विवरण अनिवार्य रुपमा भर्नुहुन अनुरोध छ।

निवेदन साथ पेश गर्नुपर्ने कागजपत्रहरु:

१. आवेदन फारम एक प्रति,
२. पास्पोर्ट साइज फोटो एक प्रति,
३. निवेदक सहित परिवारका सम्पूर्ण सदस्यहरुको नाम, नाता, जन्म मिति, नागरिकता नं., जारीमिति तथा जिल्ला लगायतका विवरण (नागरिकता नभएको परिवारको सदस्यको हकमा जन्मदर्ता),
४. निवेदक सहित परिवारका सम्पूर्ण सदस्यहरुको शैक्षिक योग्यता, सिप, दक्षता तथा रोजगारीको अवस्था (स्वदेश/विदेश/स्वरोजगार),
५. स्थायी बसोबास खुल्ने आवश्यक कागजातको प्रतिलिपि (ना.प्र. पत्र अन्यत्रबाट जारी भएको भए बसाईसराई प्रमाणपत्रको प्रतिलिपि र ना.प्र. पत्रमा स्थायी ठगाना अन्यत्र उल्लेख भए विवाहित महिलाको हकमा विवाह दर्ता प्रमाणपत्रको प्रतिलिपि),
६. कुल वार्षिक पारिवारिक आय, परिवारका सबै सदस्यले सामाजिक सुरक्षा कोष, अन्य सरकारी कोष वा रोजगारदाताबाट कुनै सहायता या आमदानी लिएको नलिएको विवरण।

नोट: निवेदनमा उल्लेखित सम्पूर्ण विवरण अनिवार्य रुपमा भरेको तथा वडा कार्यालयबाट प्रमाणित भएको निवेदन मात्र स्वीकृत गरिनेछ।

थप जानकारीको लागि सम्बन्धित वडा कार्यालय तथा रोजगार सेवा केन्द्र, खजुरामा सम्पर्क गर्न सकिने छ।

२०७९/११/०२

.............................
प्रदिप सुनार
नि. प्रमुख प्रशासकीय अधिकृत